चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०८०।८१
च.नं. : ...............

फोन नं. ०१-४३१५७६६
मिति : २०८१।०२।१८

काठमाडौं, जेष्ठ १८

## चन्द्रागिरि नगरपालिकामा सवारी साधनको वायूगुणस्तर निःशूल्क परीक्षण सम्पन्न ।

### परीक्षण गरिएका १०० सवारी साधन मध्ये ५६ सवारी साधनले मापडण्ड पुरा गरेको भेटियो ।

काठमाडौं उपत्यकामा बढ्दो वायु प्रदूषणलाई कम गर्ने प्रयास स्वरुप चन्द्रागिरि नगरपालिकाको त्रिभुवन पार्कमा मिति २०८१ जेष्ठ १६ र १७ गते निःशूल्क सवारी परीक्षण कार्यक्रम सम्पन्न भएको छ। चन्द्रागिरि नगरपालिकाको आयोजना र USAID स्वच्छ हावा परियोना, सवारी परीक्षण कार्यालय टेकु, नेपाल ट्राफिक प्रहरी तथा अन्य सरोकारवाला निकायसँग सहकार्य गरेर उक्त परीक्षण कार्यक्रम आयोजना गरेको हो । उत्सर्जन परीक्षण पास गर्ने सवारी साधनलाई हरियो स्टिकर प्रदान गरिएको थियो । २ दिने शिविरमा १०० सवारी साधनको परिक्षण गरिएको थियो । जसमा ५६ सवारी साधनको उत्सर्जन मापडण्ड भित्र रहेको पाइयो भने हरियो स्टिकर नभएका २६ सवारी साधनले हरियो स्टिकर प्राप्त गरे ।

समयमै सवारी साधन मर्मत सम्भार गर्न नसक्नु, इन्जिनको खराब अवस्था हुनु, एयर फिल्टर बन्द हुनु, इग्निशन कोइल, स्पार्क प्लग, विद्युतीय सर्किट र ईलेक्ट्रोनिक फियुल इन्जेक्सन (इएफआई) प्रणाली जस्ता भागहरूमा समस्या हुनु, हावा र इन्धनको असन्तुलित अनुपात, एग्जोस्ट ग्यास रिसर्कुलेशन (ईजिआर) भल्भको कमजोर काम, कम गुणस्तरको इन्धन र लुब्रिकेन्टको प्रयोग, र टर्बोचार्जर र सुपरचार्जरको समस्या सवारी साधनको उत्सर्जनमा वृद्धि हुनुका मुख्य कारणहरु हुन । नियमित रूपमा सवारी साधनको अवस्था परीक्षण गर्ने, सवारी साधनको नियमित सर्भिसिङ गर्ने र वातावरणीय स्वच्छतामा ध्यान दिन हो भने हामीले वायु प्रदूषण धेरै हद सम्म न्यूनिकरण गर्न सक्छौं ।

हरेक वर्ष लाखौं मानिसहरुले वायु प्रदूषणबाट हुने रोगको कारण ज्यान गुमाउछन् । काठमाडौंमा हुने प्रदुषणको मूख्य कारण सवारी साधनबाट हुने उत्सर्जन हो । कार्बनडाइअक्साइड ($CO_2$), नाइट्रस अक्साइड($NO_x$), मिथेन, कार्वन मोनोअक्साइड, हाइड्रोकार्बन, पार्टिकुलेट म्याटर (PM), नाइट्रोजन र सल्फरका अक्साइडहरु सवारीसाधनबाट उत्सर्जित हुने ग्याँस हुन् र यसले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्छ । वायु प्रदूषणको प्रभावलाई वेवास्ता गरिएमा हाम्रा आगामी पुस्ताले पनि दीर्घकालीन रोगको सामना गर्नु पर्छ । यद्यपि सवारी

# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

प.सं. : ०८०/०८१

च.नं. : ...............

फोन नं. ०१-४३१५७६६

मिति : २०८१/०२/१८


साधनको मर्मत सम्भार तथा इन्धनको गुणस्तर जस्ता सामान्य कुराहरुमा ध्यान दिन सकेमा वायु प्रदूषण केहि हद सम्म न्यूनीकरण गर्न सकिन्छ ।

सवारी उत्सर्जन वायु प्रदूषणको एक मुख्य कारण मध्ये एक हो र यस प्रकारको परीक्षण चन्द्रागिरिमा एकदमै आवश्यक थियो । यो परीक्षणले काठमाडौंको वायु प्रदुषण घटाउन ठूलो मद्दत गर्नेछ भन्नेमा म विश्वस्त छु र हामी भविष्यमा पनि यस्तै कार्यक्रमहरू आयोजना गर्न तत्पर छौं। हामीले कालो धुवाँ निस्कने सवारी साधनलाई परीक्षणका लागि कार्यक्रम स्थल तर्फ पठाउन ट्राफिक प्रहरीलाई अनुरोध गरेका हौं ।

यो नि:शुल्क सवारी साधन उत्सर्जन परीक्षण कार्यक्रम चन्द्रागिरि नगरपालिकाका बासिन्दाका लागि स्वच्छ हावा र स्वस्थ वातावरणको लागि निकै महत्वपूर्ण छ । हामी सबै सवारी साधन धनिहरूलाई यस अवसरको फाइदा उठाउँदै सवारी साधनहरू पर्यावरणमैत्री र उत्सर्जन मापदण्ड अनुरूप छन् भनि सुनिश्चित गर्न प्रोत्साहन गर्छौं। सबै प्रकारका सवारी साधन परीक्षण गर्न सकिने यो नि:शुल्क कार्यक्रमले सवारीसाधनको स्वास्थ्य कायम राख्ने र वायु प्रदूषणका हानिकारक उत्सर्जनलाई कम गर्नका लागि थप सचेतना र जिम्मेवारी बढाउने लक्ष्य राखेको छ । परीक्षणमा सहभागीहरूले परीक्षणको रिपोर्ट मात्र प्राप्त गरेनन्, उनीहरूले आफ्नो सवारी साधनलाई वातावरणमैत्री बनाउन के गर्न सकिन्छ भन्ने बारे परामर्श पनि पाए । अभियानमा प्रदूषण मुक्त यातायातका विकल्पहरू प्रवर्द्धन गर्ने, वायु गुणस्तर सुधारका नीतिहरूको समर्थन गर्ने र वायु प्रदूषण कम गर्ने कार्यहरू रहेका छन् भने अभियानमा समूदायहरुलाई संलग्न गराउने प्रयास गरिएको थियो । यो कार्यक्रमलाई नगरपालिकाले निरन्तरता दिनेछ त्यसमा सबैको साथ र सहयोगको अपेक्षा छ । यस कार्यक्रमको सहयोगको लागि चन्द्रागिरि नगरपालिका सम्पूर्ण पदाधिकारीहरु,कर्मचारीहरु तथा वायु प्रदूषण विरुद्ध लड्न र दिगो शहरी जीवन प्रवर्द्धन गर्न समन्वय गर्नुहुने भुषण तुलाधार(USAID स्वच्छ हावा परियोजना प्रमुख), यस प्रयासमा सहयोग गर्नुहुने प्रहरी वृत्त थानकोटका प्रहरी नायब उपरीक्षक सुर्य प्रकाश सुवेदी, सवारी प्रदुषण परीक्षण कार्यालय टेकु लगायत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछु ।

घनश्याम गिरी

नगरप्रमुख